मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २४ ◆ अङ्क : २९० ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ भदौ २० गते शुक्रबार (Friday, September 6. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भारु. : ४/–

सूचना

हाम्रो चाहना–
लागूऔषधरहीत, स्वस्थ र सुखी जीवनको कामना ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# मानव बेचबिखन नियन्त्रण भएन

## यौनदासी बनाउन बेचबिखन, वेश्यावृत्तिका लागि मोवाइल एप्स !



**झापा, भदौ १९।** जघन्य सामाजिक अपराधका रुपमा रहेको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सरकार र विभिन्न गैरसरकारी संघ-संस्थाले सक्रियता बढाए पनि नियन्त्रण हुन भने सकेको छैन ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ लगायत ऐन/कानून भए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको सरोकारवालाहरुले बताएका हुन् । सरकारले विभिन्न खाडी मुलुकमा महिलालाई घरेलु कामदारका रुपमा पठाउन रोक लगाए पनि भारतको बाटो हुँदै मानव तस्करीको क्रम झन् बढ्दै गएको छ ।

यसरी गैरकानूनी रुपमा बैदेशिक रोजगारीमा गएका धेरै नेपाली महिला बिचल्लीमा परेका छन् । पछिल्लो समय गैरकानूनी रुपमा विभिन्न प्रलोभन देखाएर नेपाली चेलीलाई विदेशमा लगी बिचल्ली बनाउने गिरोहको सक्रियता पनि बढ्दै गएको छ ।। मानव बेचबिखन तथा ओसारपसार ( नियन्त्रण) ऐन, २०६४ अनुसार कुनै न कुनै रुपमा शोषण गर्ने वा नाफा कमाउने उद्देश्यले प्रलोभनमा पारेर झुक्याई तथा त्रास देखाई कुनै पनि व्यक्तिलाई उसको इच्छा विपरीत जबरजस्ती कुनै पनि कार्य गर्न बाध्य तुल्याइने अवस्थालाई मानव बेचबिखन भनिएको छ ।

महिला मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७५/०७६मा भारत, म्यान्मा, कुबेत, साउदी अरब, कायरो, कोलम्बो, थाइल्याण्डलगायत नेपालस्थित राजदूतावास र महावाणिज्य दूतावासबाट एक हजार ९९८ नेपालीलाई स्वदेश फर्काइएको थियो । त्यसैगरी पुनःस्थापना केन्द्रबाट एक हजार छ सय ३४ पीडितले सेवा प्राप्त गरेका थिए । सो अवधिमा मानव बेचबिखन तथा ओसारपसारविरुद्ध प्रहरीमा ३०५ मुद्दा दर्ता भएको उक्त मन्त्रालयका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिए । महिला तथा बालबालिका बेचबिखनविरुद्धको अभियानमा काम गर्ने विभिन्न संघ-संस्थाका अध्ययन प्रतिवेदन अवलोकन गर्दा भारत हुँदै विभिन्न बहानामा तेस्रो मुलुकमा नेपाली श्रमिक बेचबिखन तथा ओसारपसार हुने क्रम बढ्दै गएको पाइन्छ ।

अध्ययन अनुसार भारत हुँदै तेस्रो मुलुक वैदेशिक रोजगारीका लागि जाने पुरुषभन्दा पनि महिला श्रमिकको सङ्ख्या बढी छ । श्रमको बढ्दो मागसँगै विश्वमा मानव बेचबिखन तथा ओसारपसार पनि झन्-झन् बढ्दै गएको छ । अन्तर्राष्ट्रिय श्रम सङ्गठनले विश्वभरि दुई करोड ९० लाख मानिस दासका रुपमा रहेको अनुमान गरेको छ । तीमध्ये ९५ लाख पुरुष र बालक तथा एक करोड १४ लाख महिला र बालिका रहेको बताइएको छ । मन्त्रालयका अनुसार आर्थिक र सामाजिक रुपमा बहिष्कृत, विद्यालयबाट बाहिर रहेका, अशिक्षित, अन्य व्यक्तिको साथ नपाएका (एकल), बसाइ स्थानान्तरण गरेका १८ वर्ष पुगेका किशोरी तथा महिला सबैभन्दा बढी बेचबिखनको जोखिममा छन् ।

*(बाँकी अन्तिम पृष्ठमा)*

# १०८ कुण्डको पहिलो कोटीहोम झापामा

**बिनोद सापकोटा**

**झापा, भदौ १९ ।** 'पर्यटन भ्रमण वर्ष, २०२०' लाई लक्षित गरि नेपालमा पहिलोपटक गौ संरक्षणका लागि कोटीहोम हुने भएको छ । गौ संरक्षणका लागि यो कार्यक्रम नेपालमा पहिलोपटक आयोजना गर्न लागिएको हो ।

यस अघि झापाको कनकाई नदीको पूर्व तटीय क्षेत्रमा योगी नरहरि नाथले २०४२ सालमा ५ कुण्डको कोटीहोम आयोजना गरेका थिए । अहिले सो क्षेत्रको नाम कोटीहोम रहन गएको छ । झापाको सताक्षीधाममा आयोजना गर्न लागिएको कोटीहोमको कुण्डीय महत्वका आधारमा नेपालमै पहिलो र ठूलो मानिएको अन्तर्राष्ट्रिय विद्वत परिषद्का अध्यक्ष घनश्याम खनालले दावी गरे । कोटीहोमले पर्यावरणलाई शुद्ध गर्ने धार्मिक बिश्वास छ ।

जिल्लाको शिवसताक्षी नगरपालिका-११स्थित पौराणिक कथासंग जोडिएको धार्मिक तथा पर्यटकीय सताक्षीधाममा पहिलो पटक गौ संरक्षणका लागि १०८ कुण्डको कोटीहोम हुन लागेको स्थानीयबासीले जनाएका छन् । सताक्षीधाममा स्थापित गोलोक गोवर्द्धन गौशालाका संरक्षक तथा पीठाधीश नन्दकिशोर भारद्वाजले कोटीहोमको आयोजना गर्न लागेको परिषद्का अध्यक्ष खनालले जानकारी दिए ।

श्रीसताक्षी अष्टोत्तरशत्कुण्डीय श्री गोपाल महायज्ञ (कोटीहोम) एवम् श्रीमद्देवीभागवत कथा महोत्सव नाम दिएको उक्त कार्यक्रम कात्तिक २७ देखि मंसीर ९ सम्म (तेह्र दिवसीय) हुने आयोजक गोलोक गोवर्द्धन गौशालाका पीठाधीश भारद्वाजले



बताए । सडकमा यत्रतत्र रहेका, घर गाउँका स्थानीयले पालन पोषण गर्न नसकेका, रोगी, बृद्धगाईको संरक्षण गर्न, गाईको महत्व र अर्थ बुझाउनका साथै सताक्षीधामको पर्यटन प्रवर्द्धनका लागि कोटीहोम हुन बलागेको हो ।

सरकारको कार्यक्रम पनि सन् २०२० लाई नेपाल पर्यटन भ्रमण वर्ष मनाउने गरी तयारी भइरहेका बेला सताक्षीधाममा आयोजना हुन लागेको कोटीहोमले सरकारी कार्यक्रमलाई साथ र सहयोग पुर्‍याएको स्थानीयबासी बताउँछन् । बुधबार गौशालाका पीठाधीश भारद्वाजले १ नम्बर प्रदेशका मुख्यमन्त्री शेरधन राईलाई कोटीहोमका बारेमा जानकारी दिए ।

*(बाँकी अन्तिम पृष्ठमा)*

# कांग्रेसको प्रदेश निर्वाचन क्षेत्रीय समिति चयन

**विर्तामोड, भदौ १९।** नेपाली कांग्रेस झापाले झापाका पाँचवटा संसदीय निर्वाचन क्षेत्र र १० वटा प्रदेश निर्वाचन क्षेत्रमा क्षेत्रीय समिति गठन गरेको छ ।

भदौ २० गतेसम्ममा ७७ वटै जिल्लाका संसदीय तथा प्रदेश निर्वाचन क्षेत्रमा क्षेत्रीय समिति समायोजन सक्ने नेपाली कांग्रेस केन्द्रीय समितिको निर्देशन अनुरुप गत १५ गते संसदीय निर्वाचन क्षेत्रका सभापति चयन गरिसकेको नेपाली कांग्रेस झापाले विहीबार १० वटै निर्वाचन क्षेत्रका सभापति

*(बाँकी अन्तिम पृष्ठमा)*

# अन्तर्राष्ट्रिय गोल्डकपको तयारी तीव्र

**बिर्तामोड, भदौ १९।** झापाको बिर्तामोडमा आयोजना हुने हाम्रो पूर्वाञ्चल अन्तर्राष्ट्रिय गोल्डकप फुटबल प्रतियोगिताको तयारी तीव्र पारिएको छ ।

बिर्तामोडको जायोन स्पोर्टस् क्लबको आयोजनामा आगामी असोज ११ गतेबाट १८ गतेसम्म डोमालाल राजवंशी रंगशालामा प्रतियोगिता सञ्चालन हुँदैछ ।

विजयादशमीको उपलक्ष्यमा झापालाई खेलकुदमय बनाउन आयोजना गरिएको गोल्डकपको ६० प्रतिशत काम सम्पन्न गरिएको आयोजक जायोन स्पोर्टस् क्लबका अध्यक्ष भक्त खवासले जानकारी दिए । प्रतियोगिताको तयारी तीव्र पारिएको गोल्डकप आयोजक समितिका प्रवक्ता अविनाश राईले बताए ।

प्रतियोगितामा सहभागी हुने ३ टिमको पक्का हुन बाँकी छ- उनले भने- 'मनाङ मर्स्याङ्दी, भुटानको पारो एफसी र नेपालको एक क्लबको निश्चित हुन बाँकी छ ।' नेपालका पाँचवटा ए डिभिजन क्लबसहित ८ टिमले गोल्डकपमा सहभागिता जनाउने प्रतियोगितामा विभागीय टोली त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस, रुपन्देही ११, भारतको मोल्होई युथ क्लब र आयोजक टिम रहने पक्का भइसकेको छ ।

हाल प्रतियोगिता हुने डोमालाल रंगशालाको फुटबल मैदानमा घाँसको काँटछाँट र प्यारापिट निर्माणको काम धमाधम भइरहेको छ । आन्तरिक रुपमा खेल मैदान मर्मतसम्हार, बाँसको प्यारापिट निर्माण र प्रचारप्रसार लगायतको काम तीव्र पारेका छौँ- आर्थिक संयोजक दीपेन्द्र आछामीले भने- आर्थिक संकलनका लागि प्रायोजकसँगको सम्झौतालाई अन्तिमचरणमा पुर्‍याएका छौँ ।

प्रतियोगिताको विजेताले नगद १२ लाख ५० हजार रुपैयाँ र उपविजेताले छ लाख २५ हजारसहित ट्रफी प्राप्त गर्नेछ । त्यस्तै, विधागततर्फ उत्कृष्ट

*(बाँकी अन्तिम पृष्ठमा)*

## प्राञ्जल फार्मेसी बिर्तामोडको सूचना

डा. रामभक्त सुवेदी
MBBS, MD (Pediatrician) (BPKIHS)
नवजात शिशु तथा बाल रोग विशेषज्ञ
NMC No: 6639
प्रत्येक शनिवार (बिराटनगरबाट)

यसपटक यही भदौ २१ गते शनिवार

सम्पर्कः प्राञ्जल फार्मेसी, अन्धुवा पुल उत्तर, बिर्तामोड
फोन नं. ०२३–५४४८२२, ९८४२६५४३२५




## सस्तोमा भिटा विक्रीमा

बिर्तामोड–१ देवी पञ्चकन्या प्लटिङमा १ कठ्ठा भिटा सस्तोमा अर्जेन्ट विक्रीमा छ ।
**२० फुटे बाटो । ४० फुट मुख । ९२ फुट लम्बाई । वरिपरि प्लम उठाइएको ।**
**लोकेशन : (देवी पञ्चकन्या प्लटिङको आइलेण्ड (गोलाई)बाट थोरै उत्तर पश्चिम । अर्थात् मोहनमाया स्कूल उत्तरको पार्टी प्यालेसबाट थोरै उत्तर पूर्व)**
**उच्च ठाउँ र शान्त वातावरण भएकाले घर आवासका लागि अति उत्तम ।**
**तत्काल पास गर्नेले सम्पर्क गर्नुहोला ।**

मो. ९८२३७२६९७९

## कर्मचारी तु-आवश्यकता

यस पाथीभरा डिपार्टमेन्ट स्टोरलाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु–सम्पर्क गर्नुहोला ।

क) पदः **क्यासियर–** १ जना (महिला/पुरुष)
योग्यताः BBS वा सो सरह (कम्प्युटरमा दक्ष, अनुभवीलाई प्राथमिकता)
ख) **एसिस्टेन्ट क्यासियर–** १ जना
योग्यताः +२ वा सो सरह (कम्प्युटरमा अनुभव भएको)
तलबः आपसी समझदारीमा

सम्पर्कः **पाथीभरा डिपार्टमेन्ट स्टोर**
बिर्तामोड, झापा (९८२५९४७२७७, ९८५२६७२५९६)

नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

**Royal Enfield** को आधिकारिक बिक्रेता (डिलर) भएकाले **Royal Enfield** को सम्पूर्ण पार्ट्सहरु १०% छुट गरिएको छ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

**निशान्त मोटसाइकल पाट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली बायाँ साइड
सम्पर्क : निशान्त– ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

## प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त यस प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट बिर्तामोडमा स्नातक तह व्यवस्थापन संकायतर्फ **चार बर्षे वीवीएस प्रथम (4 yrs BBS First Year)** बर्षमा विद्यार्थी भर्ना खुलेको सम्पूर्ण विद्यार्थी तथा अभिभावकहरुमा जानकारी गराउँदछौं ।

**विद्यार्थी भर्ना आवेदन फारम कलेज प्रशासनबाट वितरण भइरहेको छ ।**

सम्पर्कः **प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट**
बिर्तामोड–१, झापा
(फोन नं. ०२३–५४०४४३, ५४०१९५)

## डा. सिद्धार्थ ठाकुर आउने बारेको सूचना

**यही मिति २०७६ साल भदौ २० गते शुक्रवारका दिन वरिष्ठ कन्सल्टेन्ट फिजिसियन डा. सिद्धार्थ ठाकुर काठमाडौंबाट सुश्रुत आयुर्वेद अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ ।**

**उपचार हुने रोगहरु** : ग्याष्ट्रिक, अल्सर, कोलाइटिस, जण्डिस, हेपाटाइटिस, दम, खोकी, प्रेसर, सुगर, थाइराइड, पत्थरी, मृगौलाको रोग, पिसाव पोल्ने, हातगोडा दुख्ने, झम्झमाउने, जोर्नी दुख्ने, हड्डी खिइएको, नशा च्यापिएको, यौन समस्याहरु, नपूसंकता, बाँझोपन, पुरानो टन्सिल, पिनास, माइग्रेसन, छालाका रोगहरु साथै सम्पूर्ण शारीरिक एवम् मानसिक रोगीहरुले यथाशीघ्र सम्पर्क राख्नुहोला ।

**सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.**
काँकरभिट्टारोड बिर्तामोड
बोलबम पेट्रोलपम्पसँगै (०२३–५४१३११, ९८५२६८८९८६)

## अब तपाईहरुको पायक पर्ने शहर बिर्तामोडमा सेक्युरिटी गार्डको तालिम खुल्यो !

निःशुल्क तालिम लिनुहोस् र रोजगारको अवसर प्राप्त गर्नुहोस् ।

स्वदेश तथा विदेशमा Security Guard मा काम गर्न चाहने महिला तथा पुरुष उम्मेदवारहरुको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सुरक्षा एजेन्सीहरुमा काम गरिसकेका अनुभवी सुरक्षाबिज्ञहरुबाट व्यवसायिक सुरक्षा तालिम सञ्चालन भइरहेको छ ।



**सुरक्षा गार्डमा काम गर्न चाहने महिला तथा पुरुषहरुको धमाधम भर्ना लिइँदैछ, आजै सम्पर्क राख्नुहोस् ।**

**उमेरः** २२ वर्षदेखि ४० वर्ष ननाघेको
**योग्यता :** कम्तीमा SEE पास (भूपू प्रहरी, भूपू सेना र म्यादी प्रहरी एवम् सुरक्षा गार्डमा काम गरिसकेकाहरुलाई विशेष ग्राह्यता दिइनेछ ।)
*साथै भरपर्दो र विश्वासिलो सुरक्षा सेवाको लागि सेक्टर वान सेक्युरिटी सर्विसेजलाई सम्झनुहोस् । **तलबः आकर्षक***

सम्पर्क : **सेक्टर वान सेक्युरिटी सर्विसेज एण्ड ट्रेनिंग सोलुसन प्रा.लि.**
बिर्तामोड, झापा (टायमलेस मुभमेन्ट होटेलदेखि तेस्रो घर, पुरानो एल्लो हाउस)
फोनः ९८४४६९८३४०, ९८२३८२२०११, ९८२४९८२२९६

# प्रदेशकै उत्कृष्ट प्रधानाध्यापक भए बाल सुवोधिनीका 'विश्व सर'



**काठमाडौं, भदौ १९।** झापा दुहागढी स्थित वाल सुवोधिनी आधारभुत विद्यालयका प्रधानाध्यापक विश्व थापा प्रदेश नं. १को उत्कृष्ट प्रधानाध्यापकको रुपमा सम्मानित भएका छन् ।

विहीवार काठमाडौमा आयोजित एक कार्यक्रमकाबीच पीपी प्रसाईं फाउण्डेशनले थापालाई शिक्षा क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै प्रदेश नं. १वाट उत्कृष्ट प्रधानाध्यापकको रुपमा छनौट गरी पुरस्कृत गरेको हो । कार्यक्रमका प्रमुख अतिथि शिक्षामन्त्री गिरिराजमणि पोखरेलले नगद ५० हजार रुपैयाँसहित सम्मान-पत्रबाट सम्मान गरेका थिए ।

सोही कार्यक्रममा विद्यालयलाई समेत १५ हजार रुपैयाँको शैक्षिक सामग्री प्रदान गरिएको थियो । शिक्षा दिवसको अवसर पारेर पीपी प्रसाई फाउण्डेशनले हरेक वर्ष प्रत्येक प्रदेशवाट उत्कृष्ट १/१ जना शिक्षक वा प्रधानाध्यापकको छनौट गरी पुरस्कृत गर्ने गरेको छ ।

थापासँगै प्रदेश नं. २ वाट केदारबहादुर कोइराला ( महोत्तरी), प्रदेश नं. ३बाट अञ्जु लामा (काठमाडौ), प्रदेश नं. ४ वाट केशव पराजुली (कास्की), प्रदेश नं. ५बाट डोरबिक्रम श्रेष्ठ (स्याङ्जा), प्रदेश नं. ६बाट तुलबहादुर विष्ट (डोल्पा) र प्रदेश नं. ७ वाट ललितसिंह साउद (कञ्चनपुर) समेत सम्मानित भएका छन् ।

# भद्रपुरको पशु हाट स्वास्थ्य भवनभित्रै

**पार्थ मण्डल**

**भद्रपुर, भदौ १९।** भद्रपुरको पशु हाट निर्माणाधीन ज्येष्ठ नागरिक स्वास्थ्य भवनभित्र लाग्दै आइरहेको पाइएको छ ।

ठेक्कामार्फत कर मात्रै सङ्कलन गर्ने भद्रपुर नगरपालिका कार्यालयले पशु हाटलाई व्यवस्थित गर्न नसक्दा पशु बजार निर्माणाधीन स्वास्थ्य भवन र त्यस आसपासका स्थानीयको खेतीयोग्य जमिनमा लाग्दै आइरहेको हो ।

भद्रपुर-६ भानुनगरस्थित नगरपालिकाकै स्वामित्वमा रहेको जमिनमा बर्षौदेखि लाग्दै आइरहेको पशु हाटलाई त्यहाँबाट नगरपालिकाले आर्थिक वर्ष २०७१/०७२मा सारेको हो । नगरपालिकाको नयाँ कार्यालय भवन बन्न लागेपछि पशु हाटलाई त्यहाँबाट सारेर नेपाल टेलिकम कार्यालय भद्रपुरको पूर्वपट्टि निर्माणाधीन स्वास्थ्य चौकी नजिकको खाली जमिनमा ल्याइएको थियो ।

जनप्रतिनिधि आउनु अघि नै सारिएको पशु हाट अहिलेसम्म व्यवस्थित हुन सकेको छैन । पशु हाट व्यवस्थित नहुँदा गाइबस्तु निर्माणाधीन स्वास्थ्य चौकीभित्र वा व्यक्तिको निजी जमिनमा राखेर बिक्री वितरण गर्नुपर्ने ठेकेदार व्यवसायीको बाध्यता छ । विगत चार वर्षदेखि खेतीयोग्य जमिन र कालोपत्रे सडक नै ओगट्ने गरी लाग्दै आएको पशु हाट बजार व्यवस्थित नहुँदा समस्या भइरहेको ठेकेदार सञ्जीव पौडेलले बताए । 'हिउँदमा त पशु बजार लगाउन समस्या छैन, तर बर्खाको बेला गाईबस्तु राख्नै समस्या हुन्छ'- पौडेलले भने- 'गाईबस्तु राख्ने ठाउँमा खेतभरि पानी जम्छ, दलदलमा गाडी फस्छ, अनि गाईबस्तुलाई सडक वा निर्माणाधीन स्वास्थ्य भवनभित्र राख्नुपर्ने हुन्छ ।' यस्तो समस्याकाबीच पनि नगरपालिकाले पशु हाट बजारको ठेक्का लिँदै आइरहेको उनले गुनासो गरे । 'पशु हाट बजारलाई अन्यत्र सारेर व्यवस्थित बनाउन नगरपालिकाका कर्मचारी र जनप्रतिनिधिलाई भन्दै आइरहेका छौ, अहिलेसम्म सुनवाई भएन'- उनले थपे । गाईबस्तु राख्न समस्या भएको जानकारी गराएपछि नगरपालिकाले दुई/चार ट्याक्टर गिट्टी बालुवा ल्याएर हालिदिने गरेको उनको भनाइ छ ।

अहिले बजार लाग्दै आइरहेको केही जमिन मात्र नगरपालिकाको पर्छ । पशु हाट बजारलाई फराकिलो जमिन चाहिन्छ । साँघुरो जमिनमा गाईबस्तु खुल्ला छाड्दा खेतीयोग्य जमिनको अन्नबाली खाइदिने समस्याका कारण तीन जनाको खेतीयोग्य जमिन भाडा लिएर बजार लगाइरहेको अर्का व्यवसायी विकास गुप्ताले बताए । 'स्थानीय महेश कामती, सुरज कामती र स्व. हनुमान कामतीको जमिन भाडा लिएर बजार लगाउनुपर्ने बाध्यता छ'- उनले भने ।'

चालू आर्थिक वर्षमा नगरपालिकाले चौपाया हाट बजार सेवा शुल्कको ठेक्का २९ लाख १२ हजार १२५ रुपैयाँमा लगाएको छ । सो ठेक्का जीविका सप्लायर्सले लिएको नगरपालिका राजश्व शाखाका प्रमुख सुशील कर्णले जानकारी दिए । आर्थिक वर्ष २०७५/०७६मा जीविका सप्लायर्सले नै २९ लाख ५ हजार १२५ रुपैयाँमा ठेक्का लिएको थियो ।

आर्थिक वर्ष २०७४/०७५मा लक्ष्मी देवी डाँगीले चौपाया हाट बजार सेवा शुल्कको ठेक्का १५ लाख २८ हजार ५०५ सय रुपैयाँमा लिएका थिए । नगरपालिकाले वार्षिक रूपमा चौपाया हाट बजारबाट लाखौं कर संकलन गर्दै आए पनि यसको व्यवस्थापनमा अहिलेसम्म कुनै चासो देखाएको छैन ।

**पशु हाट बजार सार्न नगरपालिकाले रकम छुट्यायो**

नगरपालिकाले चालू आर्थिक २०७६/०७७को बजेट, नीति तथा कार्यक्रममा पशु हाट बजारलाई व्यवस्थापन गर्न २० लाख रुपैयाँ बजेट भौतिक पूर्वाधार शीर्षकको योजनामा राखेको पाइएको छ । योजनामा राखेको पशु हाट बजार कहिले व्यवस्थापन हुने त्यस विषयमा अझै अनिश्चित छ ।

नगरपालिकाले मंसीरभित्र पशु हाट बजारलाई भद्रपुर-६ स्थित जगदम्बा टी इस्टेट नजिकै रहेको आफ्नो नम्बरी जमिनमा सार्ने कुरा आएको पशु हाट बजारका ठेकेदार व्यवसायी सञ्जीव पौडेलले जानकारी दिए । 'नगरपालिकाले पशु बजारलाई त्यहाँ सारेर मात्र हुँदैन'- उनले भने- 'त्यसका लागि गाईबस्तु राख्ने संरचना बनाउनु पर्छ, त्यहाँ अरूको पनि खेतीयोग्य जमिन छ, गाईबस्तुले त्यहाँ गएर अन्नबाली खाइदिए भने कसले जिम्मेवारी लिन्छ ?'

यता नगरपालिका प्रमुख प्रशासकीय अधिकृत तुलसीबहादुर श्रेष्ठले अहिले भएको पशु हाट बजार अस्थायी रूपमा रहेको बताए । नगरपालिकाले जमिन खोज्ने काम गरिरहेको बताउँदै उनले भने- 'भद्रपुर ६ मै राष्ट्रिय आवास कम्पनीको जमिन रहेकोले त्यस ठाउँमा अहिलेका पशु हाट बजार सार्ने योजनामा छौं ।' 'आवास कम्पनीलाई नगरपालिकाले पत्राचार गरिसकेको र नगरपालिकाको स्वामित्वमा जमिन आउनासाथ पशु हाट बजारको व्यवस्थापन हुन्छ'- उनले भने । उनका अनुसार यसबर्ष पशु हाट बजारका लागि नगरपालिकाले बजेट समेत छुट्याइसकेको छ । 'जमिन प्राप्त भए लगत्तै आवश्यक पूर्वाधार निर्माण गरी व्यवस्थित पशु बजार बनाउँछौं'- उनले थपे । राष्ट्रिय आवास कम्पनीले जमिन दिने कि नदिने भन्नेमा अहिलेसम्म टुङ्गो नलागी सकेको उनको भनाइ छ ।

**अधुरो स्वास्थ्य भवन निर्माणको ठेक्का लाग्यो**

पशु हाट बजार लाग्दै आइरहेको ज्येष्ठ नागरिक स्वास्थ्य सेवा भवन बल्ल बन्ने भएको छ । नगरपालिकाले आर्थिक वर्ष २०७५/०७६को बजे, नीति, योजना तथा कार्यक्रममै विगत ५ वर्षदेखि अधुरो रहेको ज्येष्ठ नागरिक भवन निर्माणका लागि अनुमानित २० लाख रुपैयाँ बजेट छुट्याएको थियो । नगरपालिकाले आर्थिक वर्ष सकिन लाग्दा २०७६ असार ३ गते ठेक्का लगाएको हो । दोस्रो चरणको भवन निर्माणका लागि नगरपालिकाले भ्याटसहित ४५ लाख रुपैयाँ तोकेको ठेक्का रकममा गोपी दुर्गा कन्स्ट्रक्सन प्रालि काठमाडौंले ३७ प्रतिशत बिलोमा ठेक्का पारेको नगरपालिका इञ्जिनियर योगेन्द्र रञ्जितकारले बताए ।

## मानव ...

मानव बेचबिखन तथा ओसारपसारका घटना बढ्दै जानाको कारण हेर्दा गरिबी, महिला हिंसा, पारिवारिक बेमेल, देशमा रहेको बेरोजगारी समस्या र चेतनाको अभाव हो । एटविनको एक अध्ययन अनुसार ६० प्रतिशत महिला तथा पुरुष बेरोजगारका कारण र २८ प्रतिशत गरीबीको रेखामुनि रहेका महिला तथा पुरुष मानव तस्करी तथा श्रम शोषणमा परेका छन् । ऐन र नियमावलीले यौन शोषण, श्रम शोषण तथा मानव अङ्ग तस्करी समेतलाई जघन्य सामाजिक अपराधका रुपमा परिभाषित गरेको छ । वर्तमान समयमा बाध्यात्मक तथा बालविवाहदेखि बाल श्रम, बाल दासत्व, धर्मपुत्रपुत्रीका रुपमा शोषण, प्रक्रिया पूरा नगरी गैरकानूनी आप्रवासन, बँधुवा श्रम तथा दासत्व, मानव अङ्ग प्रत्यारोपण, यौन दासत्व, व्यावसायिक यौन शोषण आदि विभिन्न उद्देश्यका लागि मानव बेचबिखन गरिन्छ ।

वर्तमान समयमा मानव बेचबिखन तथा ओसारपसारको कार्य हातहतियार लागूऔषधको अवैध कारोवार सरह अन्तरदेशीय सङ्गठित अपराधका रुपमा पनि फैलिँदै गएको पाउन सकिन्छ । नेपालको संविधानको भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा ३८ मा महिलाको हक र धारा २९मा शोषणविरुद्धको हकलाई सुनिश्चित गर्दै मानिसलाई बेचबिखन गर्न, दास तथा बाँधा बनाउन पाइने छैन भनी मानव बेचबिखनविरुद्धको कार्यलाई मौलिक हकका रुपमा समावेश गरिएको छ ।

यसैबीच भदौ २० गते सरकार र सरोकार भएका संघ-संस्थाले मानव बेचबिखन तथा ओसारप्रसारबिरुद्धको १३औं राष्ट्रिय दिवस विभिन्न कार्यक्रम गरी मनाइने भएको छ । 'सरकारको प्रतिबद्धताः मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा हामी सबैको ऐक्यबद्धता' भन्ने मूल नाराका साथ देशैभरि विभिन्न कार्यक्रम गरी सो दिवस मनाउने तयारी गरिएको मन्त्रालयले जनाएको छ । काठमाडौंमा सन् २००२मा सम्पन्न सार्कको ११औं शिखर सम्मेलनबाट पारित महिला तथा बालबालिका बेचबिखनविरुद्धको सार्क महासन्धि २००२ भदौ २० गते तत्कालीन व्यवस्थापिका- संसद्बाट अनुमोदन भएको थियो । सोही दिनको स्मरणमा प्रत्येक वर्ष भदौ २० गते मानव बेचबिखनविरुद्धको राष्ट्रिय दिवस मनाउने कार्यको शुभारम्भ भएको हो ।

**झापामा सचेतना**

मित्रराष्ट्रको भौगोलिक अवस्था, त्यहाँका मानिसहरुको रहनसहन, बोलीचाली, अनुहार, भेषभुषा नेपालीको भन्दा फरक नपरेका कारण पूर्वी नाका काँकरभिट्टा मानव बेचविचन तथा ओसारका लागि गिरोहले रोजेको हुन सक्ने १ नं. प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक ठाकुरप्रसाद ज्ञवालीले आशंका गरेका छन् ।

विहीबार मानव बेचबिखन तथा ओसारप्रसारविरुद्धको १३औं राष्ट्रिय दिवसका अवसरमा काँकरभिट्टामा आयोजित विशेष कार्यक्रममा बोल्दैं प्रहरी नायव महानिरीक्षक ज्ञवालीले उक्त कुरा बताएका हुन् । पूर्वी नाका अन्तर्राष्ट्रिय सीमाना भएका कारण निक्कै संवेदनशील भएकाले यस्ता नाकाहरुबाट मानव बेचबिखन तथा ओसार पसारका घटना अत्यधिक हुने भएकाले काँकरभिट्टामा कार्यक्रम आयोजना गर्नुको कारण खुलाए ।

मेचीनगर नगरपालिकाका उपप्रमुख मीना पोखरेल उप्रेतीले बैदेशिक रोजगारको नाममा आन्तरिक तथा बाह्य रुपमा बेचबिखन, आश्वासन, प्रलोभनमा परेर झुठो विवाहको बहानामा समेत चेलीबेटी बेचबिखन हुने गरेकाले सवैजना त्यसतर्फ चनाखो हुनुपर्ने बताइन् ।

माइती नेपालक पूर्वाञ्चल संयोजक गोविन्द घिमिरेले बेचबिखनका प्रमुख कारणहरु अशिक्षा र जनचेतनाको कमी, बेरोजगारी, दलालहरुको आर्थिक प्रलोभन, असुरक्षा र हिंसाको स्थिति, बढ्दो शहरीकरण र बसाइँ-सराइँ, छोरा-छोरीबीचको बिभेद, गरिवी, आर्थिक बिपन्नता र चाँडो धनी बन्ने वा सुखी जीवन बिताउने महत्वकांक्षा, पश्चिमी खुल्ला छाडा संस्कृतिको प्रभाव, अरुको देखासेखीका कारण कामको खोजीमा महिला बिदेशिने गरेको बताए ।

कार्यक्रममा झापा जिल्लाका न्यायाधिवक्ता केशव पन्त, मेचीनगर-६का वडाध्यक्ष ललितबहादुर तामाङ, झापाका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णकुमार निरौला, ट्राभल संघ झापाका अध्यक्ष निरबहादुर कार्कीलगायतले बोलेका थिए । इलाका प्रहरी कार्यालय काँकरभिट्टा परिसरमा भेला शुरु भएको ऱ्याली काँकरभिट्टा बजार परिक्रमा गरी पुनः सोही स्थानमा आएर सभामा परिणत भएको थियो । इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रहरी नायव उपरीक्षक गोविन्दकुमार कार्कीले कार्यक्रमको औचित्यमाथि प्रकाश पारेका थिए भने मेची सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष बुद्धिनाथ पौडेलले स्वागत गरेका थिए ।

यता इलाका प्रहरी कार्यालय अनारमनी र आदर्श सामुदायिक प्रहरी केन्द्र बिर्तामोडको आयोजनामा मानव बेचविखन तथा ओसारपसार नियन्त्रणका लागि सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम आयोजना भएको छ । मानव बेचविखन तथा ओसारपसार बिरुद्वको १३ राष्ट्रिय दिवसको पूर्वसन्ध्यामा 'सरकारको प्रतिबद्वताः मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा हामी सबैको ऐक्यवद्वता' भन्ने नारासहित साताव्यापी जनचेतनामूलक कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा इप्रका अनारमनीका डीएसपी मोहन थापाले मानव बेचबिखन, ओसारपसार तथा बालश्रमका बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए । यौनदासी, श्रमशोषण, व्यवसायिक यौन शोषण र मानव अङ्ग झिक्नका लागि मानव बेचबिखन हुने डीएसपी थापाले प्रस्तुत गरेको कार्यपत्रमा उल्लेख छ । बिश्वमा ६ लाखदेखि ८ लाखसम्म मानव बेचबिखनको शिकार हुने गरेको कार्यपत्रमा उल्लेख छ ।

बेचबिखनमा पर्नेमा नेपालमा ८० प्रतिशत महिला र बालबालिका रहेको तथा ८ सय ११ जना अशिक्षित महिला १ हजार २ सय ९ मध्ये ३ सय ८५ जना १९ देखि २५ बर्षका रहेको बताइएको छ । आर्थिक बिपन्नता, अशिक्षा र बेरोजगारी, बसाइँ सराइ, बढी नाफाको व्यापार, खुल्ला सीमाना, विश्वव्यापीकरण, छिटो पैसा कमाउने माध्यम, अवैध बैदेशिक रोजगार र चेतनाको कमीका कारण मानव बेचबिखन हुने उनको कार्यपत्रमा उल्लेख छ ।

झापामा समेत होटल, रेष्टुरेन्ट, गेष्टहाउस, निजी कोठा, फ्ल्याटमा महिला तथा बालबालिका यौनव्यबसायमा संलग्न रहेको तथा मुख्य ग्राहक भारतीय रहने गरेको पाइएको डीएसपी थापाले बताए । प्रविधिको बिस्तारसँगै झापामा बेश्यावृत्तिको लागि मोवाइल एप्स प्रयोग भइरहेको उनले बताए ।

आदर्श सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष डा. प्रल्हाद सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष भैरव खड्का, सल्लाहकार हर्कलाल गिरी, जनप्रतिनिधि लक्ष्मी राई, बसपार्क व्यवस्थापन समितिका अध्यक्ष धनराज योङ्हाङ, भोला उप्रेती, पर्शुराम सिटौला लगायतले बोलेका थिए ।

## कांग्रेसको ...

चयन गरेको हो ।

कांग्रेस केन्द्रीय समितिको गत साउन २६ गते सम्पन्न बैठकले 'नेपाली कांग्रेसको विधान, २०१७ (संशोधनसहित)को धारा ७२ (४) बमोजिम पार्टीका स्थानीय तह संगठनको अन्तरिम संरचना तुरुन्त गठन गर्न आवश्यक भएको भन्दै विधानको धारा ५० (५) र धारा ७१ समेतको अधिकार प्रयोग गरी नेपाली कांग्रेस स्थानीय तह संगठन पुनर्संरचनाको अन्तरिम निर्देशिका २०७६ पारित गरी लागू' गरेपछि सबै संसदीय तथा प्रदेश क्षेत्रीय समिति समायोजन गरिएको हो ।

जस अन्तर्गत झापा क्षेत्र नं. १ को प्रदेश क को सभापतिमा हर्क फियाक र ख मा सीता पोखरेल चयन भएका छन् । यसैगरी झापा क्षेत्र नं. २ को क को सभापतिमा धर्म लक्सम्बा र ख को सभापतिमा किरण श्रेष्ठ चयन भएका छन् ।

क्षेत्र नं. ३ को प्रदेश क को सभापतिमा चिन्तामणि खरेल र ख को सभापतिमा नवीन विमली चयन भएका छन् भने निर्वाचन क्षेत्र नं. ४ क को सभापतिमा कमल भण्डारी र ख को सभापतिमा भीम राजवंशी चयन भएका छन् । त्यस्तै क्षेत्र नं ५ को क मा रोहितकुमार साह र ख को सभापतिमा पदम लिम्बू चयन भएका छन् ।

कांग्रेस केन्द्रीय समितिले जारी गरेको स्थानीय तह पार्टी संरचना समायोजन अन्तरिम निर्देशिका २०७६ बमोजिम सबै प्रदेश समितिका सभापति सहमतिमै चयन भएका हुन् । सोही निर्देशिका बमोजिम झापा क्षेत्र नं. २ ख मा धर्म लक्सम्बा, ३ को ख मा नवीन विमली, ४ को क मा भीम राजवंशी र ५ को क मा रोहितकुमार साह स्वतः सभापतिमा चयन भएका छन् भने हर्क फियाक, सीता पोखरेल, किरण श्रेष्ठ, चिन्तामणि खरेल, कमल भण्डारी र पदम लिम्बूलाई पदीय बरिष्ठताका आधारमा चयन गरिएको हो ।

प्रत्येक संसदीय निर्वाचन क्षेत्रको संयोजनमा सम्पन्न कार्यकर्ताहरुको भेलाले प्रदेश निर्वाचन क्षेत्र स्तरीय सभापति चयन गरेको हो । समितिका अन्य पदाधिकारी र सदस्यमा यसअघि कायम क्षेत्रीय पदाधिकारी तथा सदस्यहरु नै रहने व्यवस्था निर्देशिकाले गरेको छ ।

यसैबीच नेपाली कांग्रेस झापाको कार्यालयमा सम्पन्न झापा क्षेत्र नं. २ को भेलाले प्रदेशस्तरीय क्षेत्रीय समिति गठनपश्चात संक्षिप्तसभा समेत सम्पन्न गरेको छ ।

सभामा प्रदेशस्तरीय सभापतिद्वय धर्म लक्सम्बा र किरण श्रेष्ठले प्रतिबद्धता मन्तव्य राख्दै पार्टीको विधान, निर्देशन अनुसार संगठनलाई चलायमान बनाउने प्रतिबद्धता जनाएका थिए ।

२ नं क्षेत्रीय सभापति खगेन्द्र मैनालीको सभापतित्वमा सम्पन्न कार्यक्रममा संविधानसभा सदस्य सुधिरकुमार शिवाकोटीले संघीय संरचनाको अन्तरिम व्यवस्थापनका लागि पार्टीले निर्विरोध नेतृत्व चयनको वातावरण सिर्जना गर्नु राम्रो पक्ष रहेको बताए । नेपाली कांग्रेस झापाका सभापति उद्वव थापाले कांग्रेस पार्टीलाई संघीय संरचना अनुरुप विस्तार गरिएसँगै १४ औं महाधिवेशनको बाटो खुलेको बताउँदै सहमति र सहकार्यले पार्टी संगठन सुदृढीकरणमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

अग्रज नेता तथा पूर्व सांसद डिल्ली सिटौलाले शुभकामना मन्तव्य राखेको कार्यक्रममा नेतृत्व चयनमा डेमोक्रेटिक लयर्स एशोसिएशनका सचिव लक्ष्मी शिवाकोटी र नारायण पौडेलले भूमिका निर्वाह गरेको नेपाली कांग्रेस झापाका कार्यालय सचिव जयकुमार दाहालले जानकारी दिए ।

## १० कुण्डको ...

मुख्यमन्त्री राईले झापाको सताक्षीधाममा साधुसन्तको आगमनले अव त्यस क्षेत्रले मूर्तरुप पाउने बिश्वास व्यक्त गरे । मुख्यमन्त्री राईले भने- '१ नम्बर प्रदेशले सताक्षीधाममा आयोजना हुने कोटीहोमलाई खुलेर सहयोग गर्ने छ ।'

आयोजक संस्थाले कोटीहोम सञ्चालनका लागि आवश्यकीय भौतिक पूर्वाधार लगायतका अन्य संरचना निर्माण गर्न शुरु गरेको छ । यसै साताभित्र संरचना निर्माण लगायतका अन्य कामले मूर्तरुप पाइसक्ने पीठाधीश भारद्वाजले बताए । कोटीहोममा नेपाल लगायत भारत, भुटान, अष्ट्रेलिया, अमेरिका, क्यानडा, न्युजिल्याण्ड, कुवेत लगायतका मुलुकमा प्रचारप्रसारलाई तीव्र पारिएको छ । आयोजकले नेपालबाहेक बिश्वका २० हजार पर्यटक कोटीहोममा सहभागी हुने दावी गरेको छ । यस्तै नेपालका डेढ लाख आन्तरिक पर्यटक सताक्षीधाम आएर कोटीहोममा सहभागी हुने आयोजकले अपेक्षा गरेको छ ।

कोटीहोमका लागि आयोजकले २ करोड रुपैयाँ खर्च हुने अनुमान समेत गरेको छ । आयोजकका अनुसार सबैभन्दा धेरै खर्च चरु २७,००० किलो ग्रामको ७१ लाख हुने बताइएको छ । विहीबार सताक्षीधाममा कोटीहोमका लागि भूमि पुजन गरियो । सुनको हलोले दुई फीट वर्गाकार जमिन जोतेर कोटीहोमका लागि भूमि पुजन गरिएको हो । सो कार्यक्रममा शिवसताक्षी नगरका प्रमुख चन्द्रकुमार सेर्मा र उपप्रमुख भोजकुमारी नेपालले हिन्दू परम्परा अनुसार पूजा गरिएको भूमिमा हनुमानको झण्डोत्तोलन गरेका थिए ।

## अन्तर्राष्ट्रिय ...

गोलरक्षक, डिफेन्डर, मिडफिल्डर, फरवार्ड, प्रशिक्षक, उदीयमान खेलाडी, सर्वाधिक गोलकर्तालाई पनि पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ ।


**श्री आदर्श बचत तथा ऋण सहकारी संस्था लि.**
शिवसताक्षी-९, दूधे, झापा (सम्पर्क ०२३-४७०२५७)

**साधारणसभा सम्बन्धी सूचना**

यस सहकारी संस्था लि.को १४औं बार्षिक साधारणसभा निम्न अनुसार सम्पन्न हुने भएकोले सबै सदस्य महानुभावहरुलाई पत्र पठाइसकिएको छ । यदि कुनै कारणवश पत्र प्राप्त नभए यसै सूचनालाई आधारमानी निम्न मिति, समय र स्थानमा अनिवार्य उपस्थित भइदिनुहुन अनुरोध गरिन्छ ।

मितिः २०७६।०५।२१ समयः विहान १० बजे
स्थानः श्री राष्ट्रिय रमणीय मावि, दूधे
चन्द्रबहादुर थापाः अध्यक्ष
मो. ९८४०८७५५९४, ९८०४९५०५९२



**कर्मचारी तु-आवश्यकता**

झापाको अर्जुनधारा-७मा सञ्चालन हुन लागेको लंका रिसोर्टका लागि निम्न अनुसारका कर्मचारीहरु आवश्यक परेको हुँदा इच्छुक तथा अनुभवी व्यक्तिले यही भदौ २४ गतेसम्ममा तु-सम्पर्क गर्नुहोला ।

सेफः १ जना कुकः २ जना
कुक हेल्परः २ जना बार टेण्डरः १ जना
वेटरः ३ जना वेट्रेसः ३ जना
म्यानेजरः १ जना क्यामेरा पर्सनः १ जना
तलबः आपसी समझदारीमा । सम्पर्कः ९८५२६७२६०२/९८१६०३४०५२



**लंका रिसोर्ट**, अर्जुनधारा-७, झापा



**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।



**श्री लक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि., बिर्तामोड-४, झापाको सूचना**

यस श्री लक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि.मा रहनुभएका सम्पूर्ण शेयर सदस्यहरुलाई निम्न सूचना जारी गरिएको छ ।

- १ कित्ता शेयर खरिद गरी लामो समयसम्म वा ३ पटकभन्दा बढी समयसम्म साधारणसभामा उपस्थित नहुनु भएका शेयर सदस्यहरुको शेयर फिर्ता गरिने भएको हुँदा यथाशिघ्र कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।
- शेयर सदस्य भएता पनि बचत तथा ऋणको कारोबारमा निस्कृय रहनुभएका शेयर सदस्यहरुको शेयर रकम फिर्ता तथा शेयर सदस्यताबाट निष्कासन गरिने जानकारी गराउँदै प्रकाशित सूचना मितिबाट ७ दिनभित्रमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।
- माथि उल्लेखित शर्त बमोजिमका शेयर सदस्यहरुको नामावली कार्यालयको सूचना पाटीमा प्रकाशन गरिएको हुँदा समयमै सम्पर्क गरी कारोबार नियमित गराउन वा सदस्यता फिर्ता गर्न चाहनेले फिर्ता लिनका लागि जानकारी गराउँदछौं ।

अध्यक्ष



**कर्मचारी आवश्यकता**

१) पञ्चकन्या हुँदै बाल्मीकि, मुक्तिचोक, कृषिथोक, शनिश्चरेरोड, मातामन्दिर, पुष्पलाल चोकसम्म पत्रिका वितरण गर्ने कर्मचारी चाहिएकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला । (**तलबः ७०००+ बोनस गरेर १०,०००।-सम्म बचाउन आफ्नै मोटरसाइकल भएको हुनुपर्नेछ ।) काम गर्ने समय बिहान ९ बजेसम्म ।**

२) लक्ष्मीपुरबाट दुर्गापुर, सिमसार, कालीमुडा हुँदै चम्पापुरसम्म पत्रिका वितरण गर्ने कर्मचारी चाहिएकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला । **तलबः ५०००+बोनस् गरेर ८,००० सम्म बचाउने, आफ्नै साइकल भएको हुनुपर्नेछ ।**

नोटः ५ लाख बराबरको दुर्घटना बीमा गरिनेछ ।

**मो. ९८०१४०४०००, ९८१६६४१५७६**


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टेरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

### सीमा नाका र जिम्मेवारी

राज्यको आम्दानीको मूल स्रोत भनेकै उपभोग्य वस्तुको निकासी तथा पैठारी हो । त्यसमा पनि पैठारी अर्थात् आयातबाट भन्सार कार्यालयहरु मार्फत राजश्व संकलन गरिन्छ । देशको आर्थिक विकासका लागि प्रथम प्रधानमन्त्री भीमसेन थापाले सीमा नाकामा भन्सारको स्थापना गराएका थिए । त्यसपछि क्रमशः सीमा नाकाहरुमा भन्सार स्थापना, सञ्चालन तथा प्रवर्द्धन गर्ने काम निरन्तर भइरह्यो । सम्पूर्ण रुपले जनशक्तिले सम्पन्न गर्नुपर्ने निकासी–पैठारी सम्बन्धी काम प्रविधिको विकाससँगै सहज, सरल र सुदृढ पनि भएको छ । यसका माध्यमबाट राजश्व संकलन गर्दै राष्ट्रिय आवश्यकताको पूर्णता पनि भइरहेको छ ।

पहिले हामी कृषिजन्य वस्तुहरु जडिबुटी, दलहन, तेलहन, खाद्यान्न लगायतका वस्तुको निर्यातबाट उल्लेख्य राजश्व संकलन गर्दै थियौं भने आज निर्यात कम र आयात बढी गर्न थालेका छौं । खुलेका उद्योगधन्दाहरु सञ्चालन गर्न नसकेर कौडीमा बेच्ने, उपभोगविहीन बनाउने र कृषि वस्तुको उत्पादन नगरेर आयातमुखी अर्थतन्त्रको निर्माणमा जोड दिइरहेका छौं । जसका कारण हाम्रो जीवन पद्धति नै आयातित हुन थालेको छ । खाद्यान्नमा आत्मनिर्भर नेपालीको विशेषता परनिर्भरतामा रुपान्तरित भइसकेको छ । यस्तो बेला सरकारले राजश्व वृद्धि गर्दै भौतिक विकासका माध्यमबाट समृद्ध नेपाल निर्माण गर्ने सपना बाँड्दैछ भने राजश्वको ठूलो हिस्सा प्रचण्ड गर्मीमा पसिना, खुन र जीवन साटेर भित्रिएको विप्रेषणले धानेको छ ।

अर्थतन्त्रलाई चलायमान पार्ने माध्यम बन्दव्यापार हो, उद्योग हो र व्यवसायमुखी कृषि पेशा नै हो । पछिल्ला दुई माध्यम कमजोर बन्दै आयातले जित्दै लगेको अवस्थामा हाम्रा आवश्यकताको परिपूर्तिको माध्यम बन्दव्यापार नै हो भन्न लाज मान्नु पर्दैन । व्यापारीहरुले छिमेकी, मित्र लगायतका देशहरुबाट आयात गर्ने खाद्यान्न, खाद्यवस्तु, लत्ताकपडा लगायत सम्पूर्ण उपभोग्य वस्तुहरुले हाम्रा आवश्यकता पूरा गरिरहेका छन् । त्यही भएर सरकारले उत्पादनमा जोड दिनु वा भएका उद्योग धन्दा, पेशा र व्यवसायको संरक्षण गर्नुभन्दा आयातमा कडाइ गरेर राजश्व संकलन गर्ने उद्देश्यले लिएको छ। यसले लक्ष्य प्राप्तिमा सहयोग त गर्ला तर दीर्घकालीन लाभ भने हुँदैन ।

यतिबेला नेपालका गाउँबस्तीमा चाडपर्वहरु प्रवेश गर्न थालेका छन् । कतिपय पर्व बिते तर सबैभन्दा ठूलो भनिने दशैंले संघार टेक्न खोज्दैछ । राम्रो लाउने र मीठो खाने पर्वका रुपमा लिइने दशैंका लागि 'जोहो' गर्नु नेपाली संस्कृति नै हो । नसक्नेले पनि दशैंमा नयाँ लगाउनै पर्छ यो परम्परा जस्तै भएको छ । त्यसैले मेरुदण्डको रुपमा रहेको व्यापार र त्यसका सञ्चालकहरु दशैं भित्र्याउने चटारोमा छन् यसबेला । आफू उत्पादन गर्न नसक्ने अर्काले गरेको वस्तुमा 'मनचिन्ते' कर लगाउने सरकारको खोटो नियतले गरीबको ढाडको ऋणमा झनै भार थपिने गरेको छ । त्यही भएर व्यापारी अवैध बाटोबाट वस्तु ल्याएर बेच्न र बढी मुनाफा कमाउन लाग्छन् । यसलाई रोक्न सरकारले भन्सार बाहेक सशस्त्र, जनपद प्रहरीलाई नाका निगरानी गर्दै राजश्य संकलनमा लगाएको छ ।

यही समय भद्रपुर नाकाबाट दिनहुँ लाखौंका सामान अवैध बाटोबाट प्रवेश गरिरहेको छ । राजमार्गमा रहेको मुख्य नाकामा सुरक्षा निगरानी बढाइएपछि खुल्ला सीमाको फाइदा उठाउँदै कारोबारीले अवैध कारोबार गरिरहेका छन् । त्यसमध्ये कहिंलेकाहीँ थोरै परिमाणमा त्यस्ता वस्तु बरामद पनि गरिन्छ । दशैं–तिहार लक्षित उपभोग्य वस्तु पैठारी गर्ने यो महत्वको समय हो । दुई फरक–फरक प्रकृतिका प्रहरी संगठन एउटै उद्देश्यका लागि सञ्चालित रहँदा खासगरी मुख्य नाकामा आफ्नै उपयोगका लागि ल्याइने वस्तुमा उच्च निगरानी राख्ने र दुःख दिने गरिन्छ । लाभ लिने उद्देश्यले व्यवसाय नै सञ्चालन गर्नेहरु निर्वाध वस्तु आयात गर्छन् । यसलाई न्यायोचित अनुगमन र नियमन नगर्ने हो भने न जनताले सुख पाउँछन् न त राजश्व वृद्धिको लक्ष्य पूरा हुन्छ । यसप्रति सरोकारी निकायको ध्यान जानु पर्दछ ।

# लोकतन्त्रको विकल्प, अझ परिस्कृत लोकतन्त्र नै हो



विष्णुप्रसाद खरेल

पुराना, अनुभवी र अध्ययनशील राजनीतिज्ञहरुसँगको संवादका माध्यमबाट राजनीति, समाज र देशको समृद्धिलाई बुझ्ने क्रममा म नेपाली कांग्रेसका अनुभवी नेता तथा नेपालको प्रजातान्त्रिक आन्दोलनका सेनानी डिल्ली सिटौलाको निवासमा पुगेँ । बिहान, करिब सात बजे पुग्दा, रेडियोबाट प्रसारण भइरहेको समाचार सुन्नमा व्यस्त, पाएँ । सोचेँ, अहिलेका सक्रिय राजनीतिमा लागेकाहरु यस समयमा के गर्दै होलान् ? कल्पना गरेँ, केही त उठेकै छैनन् । उठेकाहरु पनि केही सामाजिक सञ्जालमा ब्यस्त होलान् । कोही भर्खर प्रातःहिँडाई (मर्निङ्गवाक्)बाट आएर नुहाउँदै होलान् । कतिलाई व्यापार, उद्योग वा अन्य व्यवसायमा पुग्न हतार भइरहेको होला । कतिलाई जग्गाजमिनको दलाली गर्न हतार भएको होला । कतिलाई नेताको चाकडीमा पुग्न हतार । कति त चाकडीवाजहरुको घेरामा मन्त्रमुग्ध भएर आफ्नो प्रशंसामा रुमल्लिरहेका होलान् । राजनीतिमा लागेका अहिलेका पुस्ता गहकिलो भएर समाचार सुन्ने, अखबार पढ्ने, सैद्धान्तिक छलफलमा रमाउने वा गहकिला पुस्तकहरुको अध्यन गर्ने काममा यो समयमा लागेका होलान् भन्ने कल्पना मैले गर्न सकिनँ । राजनीतिमा लागेका पहिलो पुस्ताका बजनदार नेताहरु र नयाँ पुस्ताका नेताहरुमा रहेको फरक कल्पना ! मैले यस्तै महशुस गरेँ ।

हामीले कुराकानी शुरु गर्‍यौ । २०११ सालमा विद्यार्थी रहँदा काठमाडौंमा गणेशमान सिंहको भाषणबाट प्रभावित भएर सिटौलाले राजनीतिमा प्रवेश गर्नु भएछ । जनताको दबिएको भाषालाई उजागर गर्ने मानवीय साधनका रुपमा गणेशमानलाई लिनु हुने सिटौलाले राजनीतिको प्रारम्भिक विन्दुलाई स्मरणमा ल्याउँदै भन्नुभयो- गणेशमानजी जनताको सिधा भाषा बोल्ने तर वीपी अलिक सैद्धान्तिक हुनुहुन्थ्यो । वीपीले भनेको कुरा बुझ्न सक्ने क्षमता र उमेर त्यो बेला ममा रहेनछ । तर, जति बुझ्दथेँ राम्रो लाग्दथ्यो ।

प्रजातान्त्रिक देश निर्माण र देशको समृद्धिका लागि हरेक नागरिकलाई आफू सरह बनाउने वीपीको भावना थियो । हरेक नागरिक आफू सरह बनाउने र आफूलाई औंला उठाएर प्रश्न गर्न सक्ने बनाउनु नै वीपीको सपना थियो । वीपी भन्नुहुथ्यो- हरेक नागरिक स्वतन्त्र, स्वभिमानी, राष्ट्रवादी, अरुको सम्मान गर्ने र अरुको अस्तित्व स्वीकार गर्ने, राष्ट्रपतिको कर्तव्य निर्वाह गर्न सक्षम बनाउनु नै नेपाली कांग्रेसको परिकल्पना हो । वीपीले भन्नुभएको त्यही परिकल्पनामा विश्वास गरेर म नेपाली कांग्रेसको समाजवादी आन्दोलनमा समाहित भएको हुँ । सिटौलाले राजनीतिमा प्रवेश गर्दाको परिकल्पना अर्थ्याउनु भयो । आफूले परिकल्पना गरेको राजनीतिलाई स्मरण गर्दै थप्नुभयो- अहिलेको अवस्थामा लोकतन्त्रको परिभाषालाई स्थापित गर्ने व्यवहार र संस्कार फरक भएको छ । लोकतन्त्र राजनीतिक शब्दावली मात्र होइन यो एउटा संस्कार र संस्कृति पनि हो । हामी त्यो संस्कार र अभ्यास निर्माणका पक्षमा उभिनु पर्दछ । तर, अहिलेका राजनीतिक अभ्यासहरुले लोकतन्त्रको सिद्धान्त, आचरण र व्यवहारलाई उल्टो बनाउने कोशिस पो देखियो । म यही कुराबाट चिन्तित छु । वर्तमान राजनीतिप्रति सिटौलाले चिन्ता व्यक्त गर्नुभयो ।

राजनीतिको विश्लेषण गर्दै उहाँले थप्नुभयो- अहिले राजनीतिलाई नकारात्मक भएर ब्याख्या गरिन थालेको छ । म त्यति नकारात्मक छैन । सम्पूर्ण कुरा बिग्रियो, सबैतिर खराब भयो भन्ने चर्चा धेरै हुन थालेको छ र भिडबाट निर्देशित हुने प्रवृति देखिएको छ, त्यो कुरा भने ठिक होइन । हो, चुनौतिको सामना गर्न राजनीतिले परिस्कृत हुन जरुरी छ । त्यो हुन सकेन । जनताको त्यागबाट उठेर आएका पार्टीहरुले जनताप्रति जवाफदेही हुन नसकेको र लोभानी-पापानीमा फस्न थालेको बिषय भने चिन्ताको बिषय बनेको छ । अहिले राजनीतिमा अनेक शंका र अफवाह फैलाउने काम गरिँदैछ, म त्यस्ता कुरामा बिश्वास गर्दिनँ । राजनीतिमा हरेक विचारहरु लामो समयसम्म रहन्छन् । अझ, निरंकुशताका पक्षधरहरु र प्रजातन्त्रका पक्षधरहरुका विचमा निरन्तर राजनीतिक द्वन्द्व र वैचारिक संघर्ष चलिरन्छ । यो स्वभाविकै छ । संसारमा तानाशाह भनेर चिनिएका हिटलरका समर्थकहरु अहिले पनि जर्मनीमा छन् । बेलाबखत उनीहरु विभिन्न खालका उपद्रवपूर्ण आन्दोलन गरिरहन्छन् । तर, अबको विश्वमा हिटलरको क्रुर शासनको सम्भावना नै छैन । नेपालमा पनि निरंकुश राजतन्त्रका पक्षधरहरु त्यस्तै गरिरहेका छन् । यो उनीहरुको राजनीतिक 'ह्याङ्गओभर' मात्र हो । त्यो सम्भावना म नेपालमा देख्दिनँ ।

राजनीतिको सैद्धान्तिक बहस ओझेलमा परेको महशुस सिटौलामा पनि देखियो । नेपालको राजनीतिमा फरक बिचार राख्ने लोकतान्त्रिक शक्तिका रुपमा रहेका नेपाली कांग्रेस र साम्यवादी विचार बोकेका कम्युनिष्टहरुनै प्रमुख राजनीतिक शक्तिका रुपमा रहेका छन् । तर, यी दुई विचार बोकेकाहरुमा के फरक छ भनेर हेर्न खोजियो भने सामान्य नागरिकले केही फरक भेट्न सक्ने अवस्था छैन । विचार बेगरको राजनीति र गन्तब्य बेगरको हिँडाइले हामीलाई कहीँ पनि पुर्‍याउँदैन । अहिले राजनीतिमा वैचारिक स्पष्टता धुमिल भएको छ । राजनीतिमा गहिरो अध्ययन गर्नेहरुले सैद्धान्तिक रुपमा फरक भेट्लान, दलीय विचारको बिष्लेशण गरेर धारणा प्रवाह गर्न सक्लान् । तर, सामान्य नागरिकहरु को, के हो ? भन्नेमा अलमलमा पर्ने अवस्था देखिएको छ । यही नागरिकहरुको अलमलवाट केही राजनीतिक दलहरुले फाइदा उठाइरहेका छन् । त्यसैले पनि अबका दिनमा राजनीतिक अवधारणा बीचको फरकका बारेमा राजनीतिक बहस सञ्चालन गर्नु जरुरी छ । अहिले राजनीतिक बहसमा खिया लाग्न थालेको छ ।



नेपालको नयाँ संविधान, सर्वस्वीकार्य भएको छ । तर, संविधनलाई टेकेर सत्तामा पुग्नेहरु नै संविधानको विरोधमा उत्रनु आफैमा अराजनीतिक चिन्तन हो । यस्ता गलत चिन्तलाई उछालेर मौकाको फाइदा लिनु नै गलत राजनीतिकशैली हो । राजनीतिलाई 'स्कुलिंङ्ग'ले ठूलो प्रभाव पार्दछ । नेपालका कम्युनिष्टहरुको स्कुलिंङ्ग र नेपाली कांग्रेसको स्कुलिंङ्ग नै फरक छ । कम्युनिष्टहरुलाई राजनीतिक शिक्षा दिँदा शुरुमा नै सर्वहारा वर्गको अधिनायकत्वसहितको एकदलीय कम्युनिष्ट पार्टीको शासनका बारेमा पढाइयो/सिकाइयो ।

यसैले उनीहरुका अभ्यासहरु नियन्त्रणवादतर्फ उन्मुख देखिए । जे कुरा पनि राज्यबाट नियन्त्रित हुनुपर्दछ भन्ने सिकाईले उनीहरुले प्रयोग गर्ने शब्दहरु पनि त्यस्तै बने । 'जसरी पनि चलाउनु पर्छ', 'पेलेर लानुपर्छ', 'कब्जा गर्नुपर्छ', 'ठोक्नुपर्छ' भन्नेजस्ता नियन्त्रण र निरंकुशतालाई चरितार्थ गर्ने शब्दहरुको प्रयोग सबैभन्दा बढी कम्युनिष्टहरुले गर्ने गरेको हामी सबैले देखेकै र सुनेकै हो । त्यो हुनुमा उनीहरुको स्कुलिंङ्गको प्रभाव हो । तर, नेपाली कांग्रेसको राजनीति बुझेकाहरु र प्रजातान्त्रको शिक्षा पाएकाहरुले यस्ता शब्दको प्रयोग कहिल्यै गर्दैनन् र गर्नु पनि हुँदैन । समानता, सहअस्तित्व र स्वतन्त्रताका कुराहरु नै कांग्रेसले प्रयोग गर्ने शब्द हुन् । सैद्धान्तिक दृष्टिकोणबाट विश्लेषण गर्दै राजनीतिको व्यवहारिक फरकलाई सिटौलाले यसरी ब्याख्या गर्नुभयो ।

अहिले, राजनीतिक रुपमा बहुलवादमा आधारित लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापित भएको छ । यो प्रणालीको राजनीतिक मेरुदण्ड भनेको आवधिक निर्वाचन हो । नेपालको संविधानले लोकतान्त्रिक आचरण, ब्यवहार र अभ्यासको माग गरेको छ । तर, सौभाग्य वा दुर्भाग्यले कम्युनिष्टहरुको दुईतिहाइको सरकार अहिले सत्तामा छ । उनीहरुको मनले लोकतन्त्रलाई पूर्णरुपमा स्वीकार गर्न सकेको देखिँदैन । अधिनायकवादी एकदलिय शासनको सपनालाई मनमा राखेका कम्युनिष्टहरु, मष्तिस्कबाट लोकतन्त्रलाई स्वीकार गर्नुपर्ने बाध्यतामा छन् ।

कम्युनिष्टहरुको मन एकातिर र मस्तिष्क अर्कातिर भएका कारण उनीहरुमा अनेकौं विरोधाभाष देखिएको हो । मनबाट कम्युनिष्ट अधिनायकवादलाई हटाउन नसकेका कारण यो सरकारका गतिविधिहरु नियन्त्रणवादतिर उन्मुख देखिएका हुन् । अब, मात्र हेर्न के बाँकी छ भने उनीहरु मनबाट चल्ने हुन या मस्तिष्कबाट ? जसरी नेपाली कांग्रेसले राजनीतिक रुपमा मन र मस्तिष्कलाई जोडेको स्पष्टता देखिन्छ, त्यो नेपालका कम्युनिष्टहरुमा अपुरो र अधुरो देखिएको छ । वर्तमान राजनीतिक विरोधाभाषको बिश्लेषणमा रहेको सिटौलाले बताउनुभयो ।

सिटौलासँग कुरा गरिरहँदा मैले अनुभूत गरेँ, राजनीति भनेको जनतासंगको घनिष्ठ सम्बन्ध हो । जनतासँगको सम्बन्ध विस्तारको सबैभन्दा ठूलो माध्यम भनेको निरन्तरको संवाद हो । राजनीति भने कै सरोकारवालाहरुसँगको नियमित संवाद हो । संवादले कुरा बुझ्न र बुझाउन सहज बनाउँछ । राजनीतिक संवादमा राजनीतिक विचार, आदर्श र व्यवहारको समिश्रण जरुरी हुन्छ । अहिले यस्तो राजनीतिक मिश्रणसहितको संवाद कम हुन थालेको छ । जसले गर्दा राजनीतिक आदर्श, आदर्श अनुरुपको राजनीतिक सच्चरित्रपूर्ण व्यवहार र राजनीतिक विचारका बारेमा नागरिकसँगको गहिरो संवादको अभाव देखिन थालेको छ । अहिले धेरै मानिसहरु, राजनीतिक प्रतिस्प्रर्धा सत्ता र शक्तिका लागि मात्र हो भन्ने अपुरो बुझाईबाट ग्रसित भएका छन् ।

दलीय स्वार्थमा आधारित शक्ति हत्याउने अस्वस्थ प्रतिस्पर्धाका दृश्यहरुले नागरिकहरुमा वितृष्णा पलाउन थालेको छ । नागरिकहरुमा देखिन थालेको त्यही वितृष्णालाई हतियार बनाएर केही राजनीतिक 'ऐंजेरुहरु' बेलाबखत पलाउने र राजनीतिलाई धुमिल बनाउने कोशिसमा लागेका छन् । तर पनि, लोकतन्त्रको विकल्प भनेको अझ परिस्कृत लोकतन्त्र मात्र हो । लोकतन्त्रको विकल्प निरंकुशता हुन सक्दैन । अनुभवी राजनीतिज्ञ र स्वतन्त्रता सेनानी डिल्ली सिटौलासँगको कुराकानीबाट मैले यही महशुस गरेँ ।

## पाठक पत्र

### रूपकुण्डका कंकाल भारतीय कै हुनसक्छ

*सम्पादकज्यू,*

पूर्वाञ्चल दैनिक २०७६ भाद्र ५ गते छापिएको लेख अनुसार भारतको उत्तराखण्डमा रहेको रूपकुण्ड तालमा १२०० वर्ष पहिलेका सयौँ मानिसको हाडखोरको कंकालको अनुसन्धानकर्ताले असिनाको कारणबाट ओत लिन ठाउँ कतै नभएकाले मृत्यु भएको निष्कर्ष निकालेको पाइन्छ । कंकालबाट प्राप्त डिएनए को विश्लेषण हुँदा तीन थरीको जेनेटिक समूहको मानिस भएको उल्लेख छ । जसमा पहिलो समूहमा २३ जना मानिस छन् र तिनीहरू विभिन्न ठाउँका भारतीय हुन् । दोश्रो समूहमा १४ जना मानिस छन् र उनीहरू ग्रीसतिरका मानिस हुन् । तेश्रो समूहका मानिस दक्षिण-पूर्वी एसीयाका मानिस हुन् भनी उल्लेख गरेको रहेछ ।

पुरातात्विक ऐतिहासिक स्रोत अनुसार हाल भारतको उत्तराखण्ड प्रदेशमा इ.स. पूर्व २५०० वर्षदेखि वि.सं. ७५७ सम्म कत्युरी वंशको शासन चलेको पाइन्छ । वि.सं. ७५७ मा चन्द्र ठकुरी राजाले आकमण गरी कत्युरी वंशलाई पराजित गरी वि.सं. ९२६ सम्म शासन गरेका थिए । वि.सं. ९२६ खसराजा सुभेच्छे राजले ठकुरी राजा बिनाचन्द्रलाई पराजित गरी शासन गरेको पाइन्छ । वि.सं. ११२६ मा पुनः चन्द्र ठकुरीले खस राजालाई पराजीत गरी शासन शुरू गरेको पाइन्छ । यसरी नवौँ शताब्दीदेखि हिन्दूधर्म संस्कृतिको शुरूवात भएको पाइन्छ ।

दक्षिण भारतीय राजा राजपुतसँगको सम्बन्ध विस्तारबाट भारतीय ब्राह्मण झिकाई वेद संस्कृतिको अध्ययन गराउने सो अनुसार आचरण पालन गराउने सिलसिलामा युद्ध भई शासन परिवर्तन भएकोले उक्त युद्धमा मारिएका मानिसहरूलाई व्यवस्थापन गर्ने सिलसिलामा उक्त रूपकुण्ड तालमा फालिएका हुन् सक्छ । तसर्थ, डिएनए परीक्षणबाट पहिलो समूहका मानिस भारतीय नै हुन् भनी उपरोक्त पुरातात्विक ऐतिहासिक स्रोतबाट पुष्टि गर्न सकिन्छ । इतिहासविद् कान्तिप्रसाद नौटिपालले कत्युरी वंश, चन्द्र ठाकुरी वंश र खस वंश एउटै नश्लका हुन् भनी विश्लेषण गर्नुभएको आधारमा रूपकुण्डका हाडखोरका कंकालको आधारमा दोश्रो समूह र तेश्रो समूहका मानिस नै हुन् भनी किटान गर्ने आधार ज्यादै कम देखिन्छ ।

**– रुद्रबहादुर खत्री**

# झापाका सहकारी र सन्दर्भ ब्याजदर



दिपेन्द्र राउत

दिपेन सर नमस्कार ! के छ झापातिरको सहकारीको । सन्दर्भ ब्याजदर तोकिएपछि झापाका सहकारीको प्रतिक्रिया कस्तो छ ?

यो प्रश्न थियो सहकारी क्षेत्रमा केही योगदान गर्न सकिन्छ कि भनेर संघर्षरत् विद्यार्थी पत्रकार काजी श्रेष्ठको । जवाफमा थिएँ म दिपेन । झापामा बसेर सहकारी क्षेत्रमा केही गर्न सकिन्छ कि भनेर लागेको एक सहकारीकर्मी । झापामा बसेर विभिन्न क्षेत्रमा काम गरिरहँदा पत्रकार साथीहरुको साथ सहयोग र मलाई बारम्बार दिपेन जी केही लेख्नु न ? तपाईं राम्रो लेख्नुहुन्छ । लेख यर्थाथ परक हुन्छ । भनेर हौसाउने मेरा पत्रकार साथीहरुले गर्दा केही लेख्ने उर्जा मिल्ने गर्दछ ।

एक कार्यक्रमका बीच भेट भयो पत्रकार तुलसी निरौला । मैले भाइ नै भने उहाँलाई । दाइ तपाईंको आर्टिकल 'बैंकभन्दा अब्बल सहकारी' पत्रिकामा प्रकाशन भयो । धेरैले राम्रो छ भन्नुभयो । मैले दुबै जनालाई सम्बोधन हुने गरी झापाको सहकारी र मैले आठ वर्षमा सहकारीमा अध्यक्ष भएर सञ्चालन गरी रहँदाको अनुभव लेख्ने प्रयास गरेको छु ।

जीवनमा धेरैकुरा पढेरभन्दा परेर जानिन्छ भन्ने दरिलो अभ्यास सहकारी भई सकेको छ । नेपालको सहकारी अभियान ६३ वर्ष पुगी सकेको छ । सहकारी क्षेत्रको विकासलाई हेरेर राज्यले तीन खम्बे अर्थ नीतिमा सहकारी एक खम्बा मानेको छ । यो विषयमा माईक फुट्ने गरि भाषणमा धेरै सुनिन्छ । सहकारी अभियानकर्ताहरु सहकारी क्षेत्रलाई कसरी व्यवस्थित र सुरक्षित बनाउन सकिन्छ भन्ने भनेर लागीरहनु भएको छ । स्थानीय क्षेत्रमा रोजगारीको सृजना, बचत गर्ने बानीको विकास, आर्थिक वृद्धिमा योगदान, सामुहिक लगानीमा सहकारीको भूमिका, आर्थिक साक्षरताको विकास, नेतृत्व र व्यक्तित्वको विकास, महिला सशक्तिकरणमा भूमिका, कृषि व्यवसायमा प्रेरणा, न्यून लगानी भएकालाई थप पूँजीको विकास, सीप हुनेलाई पुँजी, पूँजी नहुनेलाई क्षमतासँग जोड्ने काम आज सहकारीले गरेको छ ।

घरजग्गा नहुनेहरुलाई घरजग्गा हुने सहकारीले बनाएको छ । गरिबी न्यूनीकरणमा सहकारीको भूमिका मुख्य रहेको छ । साना व्यवसायीलाई ठूला व्यवसायी आज सहकारीले बनाएको छ । ५० हजार रुपैयाँ बिना धितो ऋण लिने व्यवसायीहरु आज धितोमा लाखौं धितोमा लिन तयार हुने भएका छन् । सदस्यको मेहनत र संस्थाको थप लगानीले गर्दा सदस्यको विकास भएको छ । आखिर यो सहकारीको उपलब्धि मान्नु पर्छ । सदस्यहरुको वृद्धि विकास संस्थाको मुख्य उद्देश्य पनि हो । एउटा भनाई छ 'पैसाले पैसा कमाउँछ' वास्तवमा नै हो यथार्थ हो । आज नेपालका व्यवसायीलाई हेर्ने हो भने ठूला व्यवसायी झन् ठूला हुँदै गइरहेका छन् । साना व्यवसायीलाई ठूला व्यवसायीहरुले दिन प्रतिदिन अफ्ट्यारो बनाइरहेको छ ।




भविष्यमा नेपालको व्यवसाय केही ठूला घरानामा मात्र सिमित नरहला भन्न सकिन्न । बैंक आफ्नै व्यवसाय आफ्नै भइरहँदा ठूला व्यवसायीहरुलाई ऋण लगानी कति सहज भएको छ भन्ने समाचार हामीले पढ्ने गरेका छौं । यो अवस्थामा भइरहँदा सहकारीले सदस्यको वृद्धि विकासमा ठूलो योगदान गरेको छ । मेरो बुझाईमा । सहकारी संस्था समुदायमा सञ्चालित हुँदा समुदायलाई परेको समस्यामा निराकरण गर्दै नेपालीको संस्कार र संस्कृतिलाई जगेर्ना गर्न पनि सहकारी अब्बल भएको छ ।

रह्यो काजीको प्रश्न । सन्दर्भ ब्याजदर । मलाई लाग्छ खासै फरक पर्दैन । किनकि सम्बन्धित नियामक निकायले सहकारीको दिर्घकालीन विकासमा यस्ता मापदण्ड बनाउनु नै पर्छ । यदी सदस्यकै पैसा बचत लिएर सदस्य कै हितमा लगानी गरिन्छ भने पक्का पनि अफ्ट्यारो पर्दैन । तर, अन्य बैंक वित्तीय संस्थाबाट ऋण लिएर सदस्यमा नै लगानी गरिन्छ भने संस्थाले कम नाफा कमाउन सक्ने हुन सक्छ । अन्यथा झापामा सहज नै लाग्छ । धेरै समस्या छ जस्तो मलाई लाग्दैन । संस्थाले सदस्यको हितमा काम गर्ने हो । नाफाभन्दा पनि सदस्यलाई सुविधा दिनुपर्छ । नाफा दिएर त कसैलाई पनि क्षणिक खुशी दिन सकिएला तर मनको सन्तुष्टि दिन सेवा नै चाहिन्छ । जय सहकारी ।

*(राउत झापाको शिखर साकोसका अध्यक्ष हुन् )*

# ऋद्धीसिद्धीको ११औं सभा



**अर्जुनधारा, भदौ १९।** झापाको अर्जुनधारा-८ मा रहेको ऋद्धीसिद्धी महिला कृषि सहकारी संस्थाको ११औं वार्षिक साधारण सभा सम्पन्न भएको छ ।

संस्था सञ्चालक समितिकी अध्यक्ष कुसुम राईको अध्यक्षता र अर्जुनधारा नगरपालिकाका प्रमुख हरिकुमार रानाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा स्वागत सदस्य कमला न्यौपानेले गरेकी थिइन् ।

कार्यक्रममा समितिकी अध्यक्ष राईले संस्थाको सांगठनिक प्रतिवेदन, लेखा समिति संयोजक चन्द्रकला निरौलाले लेखा समितिको प्रतिवेदन र व्यवस्थापक चन्द्रकला राईले गत आर्थिक वर्ष २०७५/०७६ को वास्तविक तथा चालू आर्थिक वर्ष २०७६/०७७ को प्रस्तावित वार्षिक कार्यक्रम उल्लेखित प्रतिवेदन प्रस्तुत गरेका थिए ।

संस्थाको शेयर पूँजी ४२ लाख १४ हजार तीन सय रुपैयाँ, गत आर्थिक वर्षको जम्मा आम्दानी २१ लख ४६ हजार ७६ रुपैयाँ, जम्मा खर्च १९ लाख २० हजार एक सय ९९ रुपैयाँ र शुद्ध नाफा दुई लाख २५ हजार आठ सय ७७ रुपैयाँ रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

त्यसैगरी संस्थाले चालू आर्थिक वर्षमा कृषि क्षेत्रमा अर्ग्यानिक खेती सञ्चालन गर्ने, संस्थामा आवद्ध शेयर सदस्यहरुलाई कृषि र सहकारी सम्बन्धि तालिम सञ्चालन गर्ने, शेयर सदस्यहरुको हितको निम्ति सदस्य कल्याण कोष सञ्चालन गर्ने, कृषि सम्बन्धी अवलोकन भ्रमण, सहकारी ऐन् २०७४ अनुसार विनियम संशोधन गर्ने लगायत प्रस्तावहरु पेस गरेको थियो ।

कार्यक्रममा असल बचतकर्ता दिपेश दुलाल, पार्वती तामाङ, राजेश गुप्ता, सकिना खान असल ऋणीहरुतर्फ केवल पोर्तेल, खिनमाया खतिवडा र धनमाया थापा मगर असल पशुपालक देवकला ओली प्रसाईं र ज्येष्ठ सदस्य धनमाया अधिकारी, भीमकला न्यौपाने र मीनाकुमारी राईलाई सम्मान गरिएको थियो ।

त्यस्तै शेयर सदस्यका छोराछोरीमध्ये गत वर्षको एसईई परीक्षामा उत्कृष्ट अंक ल्याउने प्रनिका न्यौपाने र जेनिसा राई, कर्मचारीहरुतर्फ व्यवस्थापक राई, बजार प्रतिनिधि यशोधा मगर, पूर्व कर्मचारीद्वय इन्दिरा पोर्तेल र प्रमिला राजवंशीलाई समेत सम्मान गरिएको थियो ।

कार्यक्रममा नगर कार्यपालिका सदस्य रमेशकुमार दर्जी, झापा जिल्ला सहकारी संघका सदस्य टंक बराल, नगर सहकारी संघ समन्वय समितिका अध्यक्ष प्रेमसागर सापकोटा, लालीगुँरास महिला कृषि सहकारी संस्थाकी अध्यक्ष मेनुका पौड्याल, प्रज्वला अपाङ्ग तथा महिला बहुउद्देश्यीय सहकारी संस्थाका उपाध्यक्ष डिल्ली घोर्साइँ लगायतले शुभकामना दिएका थिए । कार्यक्रमको सञ्चालन व्यवस्थापक राईले गरेकी थिइन् ।

# लागूऔषध दुर्व्यसन रोक्न माग



**गौरीगञ्ज भदौ १९।** गौरीगञ्ज गाउँपालिकाको दक्षिणी खुल्ला सीमा क्षेत्र फत्तेपुर, अल्ताबारी र देवीगञ्जबाट अवैध रुपमा लागूऔषध भित्रिरहेको भन्दै त्यसलाई रोक्न नेपाल विद्यार्थी संघ गौरीगञ्ज गाउँ समितिले ध्यानाकर्षण पत्र बुझाएको छ ।

गौरीगञ्ज लगायत झापाको विभिन्न स्थानबाट पछिल्लो समय गोप्यरुपमा नसालु पदार्थ बिक्रीवितरण हुँदै आएको जनाउँदै गौरीगञ्ज गाउँपालिकाका उपाध्यक्ष दिपिन्द्र थापा, इलाका प्रशासन कार्यालय गौरीगञ्जका प्रमुख राजु दाहाल, इलाका प्रहरी कार्यालय गौरीगञ्जका प्रहरी निरीक्षक गणेश प्रसाद भट्टराई, सशस्त्र प्रहरी बल गौरीगञ्जका प्रहरी निरीक्षक साइमन श्रेष्ठलाई नेपाल विद्यार्थी संघले ध्यानाकर्षण पत्र बुझाएको हो ।

नेपाल विद्यार्थी संघ झापाका जिल्ला सदस्य देवकुमार ताजपुरिया, गौरीगञ्ज बहुमुखी क्याम्पस इकाइ सभापति कृष्णदास बाबाजी, सचिव स्तप हुसेनको संयुक्त हस्ताक्षरित ध्यानाकर्षण पत्रमा नेपाल विद्यार्थी संघले स्थानीय सरकार र प्रशासनले यस्ता कार्यहरुमा निगरानी तथा नियन्त्रण गर्न विशेष कदम चाल्न माग गरिएको छ । गौरीगञ्ज लगायतका क्षेत्रका युवालाई लागूऔषध दुव्यर्सनीबाट बचाउन ध्यानाकर्षण पत्र बुझाएको नेपाली विद्यार्थी संघले जनाएको छ ।

# छोरीको रोदन

बुबा हजुरको याद साह्रै आइरहेको छ । हजुरको अनुपस्थितिमा हामी टुहुरा भएका छौं । भदौ २० गते नजिकिँदै आउँदा हजुरको यादले धेरै पिरोलेको छ । हजुर कति आतुर र हर्षित हुनुहुन्थ्यो आफ्नो जन्मदिन मनाउन । हजुरको हौसला र चाहनाहरुलाई पापी कालले तुषारापात गराइदियो । हजुर सँगैसँगै म पनि हर्षित थिएँ किनकि हजुरसँग भेट हुँदा मेरो जन्मदिन आउन आँट्यो भन्दै क्यालेण्डर निकालेर मलाई दिन गन्न लगाउनुहुन्थ्यो ।

बुबालाई भेट्न आउनेहरुलाई निमन्त्रणा पनि मुखैले दिई सक्नुभएको थियो । म सबैलाई बोलाएर खुवाउँछु, आशीर्वाद दिन्छु



**बिर्तामोडका प्रतिष्ठित व्यक्तित्व टुङ्गबहादुर बस्नेतको गत साउन २४ गते निधन भएको थियो । उनको स्मृतिमा छोरीको सम्झना ।**

भन्नुहुन्थ्यो । एउटा ८, ९ वर्षको बालक झैं हर्षित हुनुहुन्थ्यो जन्मदिन नजिक आउँदा मेरा बुवा । गत वर्ष पनि हामीले बुबाको जन्मोत्सव हर्षका साथ मनाएका थियौं । तर, यस वर्ष बुवाका र हाम्रा चाहनाहरुलाई कालले तुषारापात गराइदियो ।

बुबा हजुर ज्ञानको भण्डार, मायाको खानी, सबै कुरामा सम्पन्न भएता पनि कालले जितेर लग्यो । उसले हाम्रो खुशी देख्न चाहेन । रुँदा-रुँदा आँखा थाकिसके । चाडवाडको मुखमा आएर हाम्रा प्रिय बुवालाई हामीबाट खोसेर लग्यो । काल त सँग अलिकति पनि दया छैन रहेछ । लामो समयसम्म बुवाज्यूको साथ पाएर हामी सबै साना र मसिना थियौ । हरेकपल बुवाको साथमा रमाइरहेका थियौं । हामी कसैलाई केही दुःख र अभाव थिएन । अहिले हामी केही नभएका, कोही नभएका टुहुरा भएका छौं । हजुरलाई आफन्तजनप्रति कत्रो लगाव र माया थियो । कसैको प्रेमले रोक्न हाम्रो रोदनले पनि छेक्न सकेन । भाग्यमानी छोराछोरीलाई अभागी बनाएर जानुभयो नि बुबा !

कति रुनु ! रुँदा-रुँदा आँशु रित्तिसक्यो । मुटु पोलेर भत्भत् हुन्छ । बुबा कसलाई सुनाउँ यो व्यथा ? बुबा आज म सानो बच्चा जस्तै बनेकी छु । आफ्नो मनलाई बुझाउन सकिरहेको छैन । हजुर जस्तो बहादुर, आत्मविश्वासी मान्छेले पनि मृत्युलाई स्वीकार्नु पर्छ जस्तो लाग्दैन थियो ।

जन्मेपछि मर्नु पर्छ भन्ने त ध्रुव सत्य हो । तर, हजुरलाई मुखमै आएको जन्मदिन नमनाई कालले चुँडाइ लग्यो । हजुरको साथमा नभएर पनि मेरो बुबा अजरअमर रहनु हुनेछ । बुबाको मुख हेर्ने दिन पनि रोएरै बित्यो । अरुलाई हेरौ चित्त बुझाउने कोशिसमा छु । हार्दिक श्रद्धाञ्जलि बुबाहजुर ।

जसरी यसलोकमा राज गरेर बस्नु भयो, त्यहाँ पनि त्यस्तै होस् । आमा-बुबा, दाजु-भाइ दिदी-बहिनीको साथ हाम्री आमाले पकाएको मिठो खाएर राजहोस् ल बुबा हजुर !

स्वर्गबाट नै हामी सबैलाई आशीर्वाद दिनुहोस् । बुवाको जन्मदिनको दिन त बुवाको प्रथम मासिक परेछ । हाम्रो कस्तो भाग्य, कस्तो विडम्वना ।

**हजुरको प्यारी छोरी**
**अमृता बस्नेत थापा**

# वाणिज्य बैंकका कर्मचारीले दिए खाजाको रकम

**शिवगञ्ज, भदौ १९।** सरकारले सामुदायिक विद्यालयका लागि दिँदै आएको दिवा खाजा कार्यक्रम रोके पनि स्थानीय दाताहरुको सहयोगमा शिवसताक्षी नगरपालिका- ६ को सरस्वती प्राथमिक विद्यालयले दिवा खाजा कार्यक्रम सञ्चालन गरिरहेको छ ।

राष्ट्रिय वाणिज्य बैंक शिवगञ्ज शाखाले विद्यालयका बिद्यार्थीका लागि करिब एक महिनाका लागि दिवाखाजा उपलब्ध गराएको छ । बैंकका शाखा प्रबन्धक खगेन्द्र कन्दङ्वा लगायतको कर्मचारीहरुको टोलीले एक सय केजी भुजा, ५० केजी मटर, २५ केजी चना, एक कार्टन विष्कुट, तीन लिटर तोरीको तेल, एक केजी जिरा मसला र पाँच सय ग्राम बेसार प्रदान गरेको थियो ।

सरकारले गत आर्थिक वर्षमा दिवा खाजा कार्यक्रम रोकेको थियो । तर, उक्त विद्यालयले दाताले आफ्नो जन्मदिन, पितृहरुको सम्झना, विवाह उत्सव लगायतका अवसर पारेर विद्यालयमा अन्न दान गर्ने गरेपछि उक्त कार्यक्रम सुचारु गरेको हो । 'कतिपय दाताले नगदै दिने इच्छा राख्नुहुन्छ तर, बिद्यालय प्रशासनले भने जिन्सी सामग्री नै दिन दातालाई आग्रह गर्ने गरेका छौं' -विद्यालयका प्रधानाध्यापक गणेश घिमिरेले भने ।

'विद्यालयले सबै अध्ययनरत् विद्यार्थीका लागि खाजाको जोहो गर्ने गरेको छ । कक्षा नर्सरीदेखि ५ सम्म अध्ययनरत् दुई सय तीन जना छात्रछात्राले विद्यालयले व्यवस्था गरेको खाजा खाने गरेका छन् । खाजा पकाउन, ख्वाउन र भाडावर्तन सफा गर्न विद्यालयका शिक्षक आफै खटिन्छन् ।' - विद्यालयका प्रधानाध्यापक घिमिरेले भने ।

उनले भने- 'शिक्षकले विद्यालयमा विद्यार्थीका लागि पकाएको खाजा सबैलाई बाडेर दिन पाउँदा मनै आनन्द हुने गरेको छ । सरकारले दिवा खाजा कार्यक्रम कटौती गरे पनि विद्यालय प्रशासनले यसलाई निरन्तरता दिएकैले विद्यालयमा चालू शैक्षिक सत्रमा विद्यार्थीको संख्या थपिएको छ ।'

स्थानीय भन्छन्- 'विद्यालय खाली हुने अवस्था थियो, खाजाले लोभ्याएर कक्षा कोठामा टनाटन विद्यार्थी बनायो ।' सो विद्यालयलाई संघीय सांसद एलपी साँवा लिम्बू प्रदेश सांसद झलकबहादुर दर्लामी मगर र शिवताक्षी नगरपालिकाले पनी पूर्वाधार र गुणस्तर सुधारमा आर्थिक सहयोग गरिरहेको र अन्य सरकारी तथा गैर सरकारी संघ-संस्थाले पनि सहयोग गरिरहेको विद्यालयका प्रधानाध्यापक घिमिरेले जानकारी दिए ।

# अष्ट्रेलिया जाने विद्यार्थीलाई परामर्श



**बिर्तामोड, भदौ १९।** उच्च शिक्षा अध्ययनका लागि अष्ट्रेलिया जान चाहने विद्यार्थीका लागि शिक्षा क्षेत्रमा लामो समयदेखि सक्रिय एजुकेशन एण्ड माइग्रेसन कर्नरले बिर्तामोडमा अष्ट्रेलियन एजुकेशन फेयरको आयोजना गरेको छ ।

फेयरमा अष्ट्रेलियाका पाँच वटाभन्दा बढी कलेज एवम् यूनिभर्सिटीहरूको सहभागिता रहेको एजुकेशन एण्ड माइग्रेशन कर्नरका निर्देशक सुनिल उप्रेतीले बताए । उच्च शिक्षा अध्ययनका लागि अष्ट्रेलिया जान चाहने विद्यार्थीहरुलाई एउटै छानामुनि अष्ट्रेलियाका कलेज एवम् यूनिभर्सिटीहरूको बारेमा जानकारी दिइएको निर्देशक उप्रेतीले बताए ।

कार्यक्रममा एजुकेशन एण्ड माइग्रेशन कर्नरका निर्देशक उप्रेतीले अष्ट्रेलियामा अध्ययनको विषय, विद्यार्थीहरुले पालन गर्नुपर्ने प्राबधानहरु, अष्ट्रेलियाको विश्वविद्यालयबाट डिग्री हासिल गरे पश्चात विश्व बजारमा प्राप्त हुने अवसरहरु, अध्ययन पश्चात अष्ट्रेलियामै स्थायी अनुमतिपत्र (पी.आर) लिने विषय र अष्ट्रेलियामा अध्ययनरत् रहँदा विद्यार्थीहरुले प्राप्त गर्न सक्ने रोजगारीको अवसरहरुको बिषयमा विद्यार्थीहरुलाई परामर्श दिएका थिए ।

फेयरमा अष्ट्रेलियाका साहुद्रन क्रस युनिभर्सिटी, युनिभर्सिटी अफ साहुद्रन, क्वीन्स लेण्ड, हार्वर कलेज, वोस्टन सिड्नी कलेज, किन्सटेण्ड इन्स्टिच्युट अष्ट्रेलियाका प्रतिनिधिहरुले विद्यार्थीहरुलाई परामर्श दिएको एजुकेशन एण्ड माइग्रेसन कर्नरका कन्ट्रि म्यानेजर नवराज प्रसाईंले जानकारी दिए ।

पछिल्लो समय उच्च शिक्षा अध्यनका लागि आकर्षकको गन्तब्य बनिरहेको अष्ट्रेलिया आउन चाहने नेपाली विद्यार्थीहरूका लागि अष्ट्रेलियाको सिड्नीमा केन्द्रीय कार्यालय रहेको एजुकेशन एण्ड माइग्रेसन कर्नरले काठमाडौं, हेटौंडा, पोखरा, चितवन, झापा लगायतका शहरबाट विद्यार्थीहरूलाई अष्ट्रेलिया लगायतका विभिन्न देशका बारेमा शैक्षिक परामर्श प्रदान गरिरहेको उनले बताए ।

फेयरमा प्लस-टु उत्तीर्ण गरेका विद्यार्थीहरुले आइटी, नर्सिङ, बिजनेश, हेल्थ साइन्स, चाइल्ड केयर, इञ्जिनियरिङ, ल्याव टेक्निसीयन लगायतका विषयहरुमा परामर्श लिएको एजुकेशन एण्ड माइग्रेसन कर्नर बिर्तामोडका प्रमुख अग्नी प्रसाईंले जानकारी दिए ।

# टिसीएलको बडा अफर

**बिर्तामोड, भदौ १९।** विश्वको टप २ टिभी ब्राण्ड टिसीएलले चाडपर्वलाई लक्षित गर्दै स्फूर्तिदायी योजना सार्वजनिक गरेको छ ।

'बडा अफर थाइलेन्डको सफर' नाम दिइएको यो योजनामा टिसिएल ब्राण्डका उत्पादनहरु एलइडि टिभी, चेष्ट फ्रिजर, एअर कन्डिस्नर, वाटर डिस्पेन्सर र वासिङ्ग मेसिनको खरिदमा नगद छुटका साथ भाग्यशाली ग्राहकले लक्की ड्र मार्फत थाइल्याण्ड प्याकेज जित्ने अवसर प्राप्त गर्ने कम्पनीले जनाएको छ ।




ग्राहक योजना नेपाल अधिराज्यभर भदौ १९ गतेदेखि सिमित अवधिको लागि मात्र लागू हुने र यो योजना नेपाल अधिराज्यभरमा रहेको टिसीएल आउट्लेटहरुमा उपलब्ध रहेको कम्पनीले जनाएको छ ।

# जनप्रतिनिधिको प्रतिबद्धता



**धुलाबारी, भदौ १९।** धुलाबारी बजारमा सीसी क्यामेरा जोडेर त्यहाँको शान्ति सुरक्षा कायम गर्न जनप्रतिनिधिले प्रतिबद्धता जनाएका छन् ।

सीसी क्यामेरा जडान उपभोक्ता समितिद्वारा आयोजित अन्तरक्रिया कार्यक्रममा उनीहरुले यस्तो प्रतिबद्धता जनाएका हुन् । उनीहरुले मेचीनगर ९ र १० मा पर्ने धुलाबारी बजार क्षेत्रको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखेर सीसी क्यामेरा जडान गर्नुपर्नेमा जोड दिएका थिए ।

समितिका अध्यक्ष रविनकुमार बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा वडा नम्बर ९ का वडाध्यक्ष गोपाल खड्का, वडा नम्बर १० का वडाध्यक्ष सुदयकुमार पनेरु, सहारा नेपालका अरुण श्रेष्ठ, कृषि विकास बैंक धुलाबारीका मोहनकुमार राई, सुब्बा टोल विकासका अध्यक्ष गोकुल हुमागाईं, नेपाली कांग्रेसका मेचीनगर सभापति इन्द्रबहादुर बुढाथोकी, धुलाबारी माविका प्रधानाध्यापक महेन्द्रविलास लुइँटेल, धुलाबारी खानेपानीका अध्यक्ष अजयकुमार घिमिरे लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रम सञ्चालन समितिका सचिव मिलनराज प्रसाइले गरेको हाम्रा सहयोगी सुमन बस्नेतले जानकारी दिए ।


## UAE मा रोजगारीको अवसर

कम्पनी: AMANA STEEL BUILDINGS & CONTRACTING, LLC (DUBAI)

| सि.नं | कामदारको पद | माग संख्या महिला | माग संख्या पुरुष | मासिक तलव AED | कार्य समय | खान/बस्न | ओटी | करार |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labour | | 100 | 1000 | ८ घण्टा २६ दिन | छ | क.नि.अ. | २ वर्ष |
| | Note: साथै यसै कम्पनीमा | | | | | | | |
| 1. | Gypsum Board Carpenter/ False Celling | | 50 | 1100/-to 1200/- | | | | |
| 2. | Auto Electrician (Heavy Equipment) | | 10 | 1500/- | | | | |
| 3. | Auto Electrician (Vehicles) | | 10 | 1500/- | | | | |
| 4. | Denter | | 10 | 1200/- | | | | |
| 5. | Mechanic-Diesel(Heavy Equipment) | | 10 | 1700/- | | | | |
| 6. | Mechanic-Diesel (Truck & Buses) | | 10 | 1700/- | | | | |
| 7. | Document Controller | | 10 | 1800/- | | | | |
| 8. | Mechanic-Petrol (Vehicles) | | 15 | 1700/- | | | | |
| 9. | Painter (Spray) | | 10 | 1400/- | | | | |
| 10. | Power Electrician (Generators & Power) | | 10 | 1700/- | | | | |
| | Workshop Foreman Petrol &Diesel | | 10 | 2300/- | | | | |

फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट भदौ २० गते शुक्रबार (06 September 2019) विर्तामोड झापामा हुदैछ ।

Fewa HR Solutions Pvt. Ltd.
Kathmandu
श्रम इजाजत नं. १४६६/०७४/०७५
झापा सम्पर्क: ९८५१०१६८०९, ९८०४९६१४१४, ९८५२६७४८०९, ९८०७९६३७९७, ९८०७९६३७९५

## UAE को अवुधावीमा PSBD Security गार्डमा महिला तथा पुरुषको आवश्यकता

कम्पनी : SECURI GUARD MIDDLE EAST, UAE शहर : ABU DHABI

पूर्व स्वीकृति मिति : २०७६/०३/१३ चलानी नं. ६०१४१२८० L.T. NO. 221678

| कामदारको पद | माग संख्या पुरुष | मासिक तलब AED | मासिक तलब नेरू. | ओ.टी./ बार्षिक बिदा | कार्य समय | खान/बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|
| Security Guard | 200 | 2000 | ६०, ००० | क.नि. अनुसार | ८ घण्टा ६ दिन | छ | २ बर्ष |

पूर्व स्वीकृति मिति : २०७४/०६/२२ चलानी नं. ६०११८३६८ L.T. NO. 196877
पुन : पूर्व स्वीकृति मिति : २०७६/०३/०९ चलानी नं. ३०६०

| कामदारको पद | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब नेरू. | ओ.टी./ बार्षिक बिदा | कार्य समय | खान/बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|
| Security Guard | 175 | 2000 | ६०, ००० | क.नि. अनुसार | ८ घण्टा ६ दिन | छ | २ बर्ष |

नोट : उचाई : महिलाको हकमा ५ फिट भन्दा माथि र पुरूषको हकमा ५ फिट ७ इन्च भन्दा माथि हुनुपर्नेछ ।
कम्तीमा एसएलसी पास गरेको र राम्रोसँग अंग्रेजी लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
अन्तर्वार्तामा आउँदा सक्कल राहदानी, योग्यता तथा अनुभवका प्रमाणपत्र लिएर आउँनु पर्नेछ ।

APPROBLE READY भएकाले २० दिन भित्रमा भिषा प्राप्त हुनेछ ।

फाइनल अर्न्तवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट भदौ ३० गते (16 Sept. 2019) मा होलिडे होम बिर्तामोड, झापामा हुनेछ ।

सन लाइट ह्युमन रिर्सोस प्रा.लि.
Lic No. 689/063/064
सामाखुसी-२९, सामाखुसी टाउन, प्लानिङचोक, काठमाडौं फोन ०१-४३८४८८
मोवाइल नं. 9801408283, 9801033974, 9802070510, 9801033977, 9801033975, 9801023813